CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

११८

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu



CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

३० वर्ष

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

२ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ८०/-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको
सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था – महेशराज पन्त १-१७

२. वि.सं. १५१४ देखि १८२५ भित्रका, अहिलेसम्म प्रकाशमा नआएका ८ वटा पत्र – महेशराज पन्त १८-३०

३. वि.सं. १५३८ देखि १८३६ भित्रका, ताडपत्रमा लेखिएका,
अहिलेसम्म प्रकाशमा नआएका ११ वटा लिखतपत्र – महेशराज पन्त ३१-५२

४. संसारदेवीगूठीसम्बन्धी, अहिलेसम्म प्रकाशमा नआएका ५ वटा पत्र – महेशराज पन्त ५३-६७

बिक्रीमा भएका, संशोधन-मण्डलले बेच्ने गरेका हाम्रा कृति

१.	*इतिहास-संशोधन* (१-६८ सङ्ख्या)*	३५०।-
२.	*कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या* (१-२ सङ्ख्या)*	३०।-
३.	*व्याकरण-संशोधन* (१-१० सङ्ख्या)*	३५।-
४.	*पञ्चाङ्ग-संशोधन* (१-१७ सङ्ख्या)	३०।-
५.	*सावधान-पत्र* (१-३१ सङ्ख्या)*	१००।-
६.	*इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ*	५।-
७.	*विद्या-रक्षा* (१-१५ सङ्ख्या)	५०।-
८.	*अभिलेख-संग्रह* (१-१२ भाग)*	२००।-
९.	*पूर्णिमा* (१-११८ पूर्णाङ्क)*	३९०५।-
१०.	*रत्नदीप*	२।५०
११.	*वृत्तशतक*	३।-
१२.	*श्री ३ महाराज पद्मशमशेरका कुरा*	१२।-
१३.	*नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य*	५।-
१४.	*इनेप्ट् स्पेस्इमिन् ?*	२०।-
१५.	*गोरखाको इतिहास* (१-४ भाग)	५००।-
१६.	*ह्वट् डिड् अंशुवर्मन् राइट् ?*	४०।-
१७.	*पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*	८०।-
१८.	*आदर्श, ए सप्लिमन्ट् टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल* (१-२ सङ्ख्या)	५५०।-

---

* यिनका कुनै कुनै सङ्ख्या/पूर्णाङ्क फोटोकपीमा छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको सिद्धिहर्ष वज्राचार्य(वि.सं. १९३६-२००९)ले पढेको पाठ र गरेको उल्था

– महेशराज पन्त

वाङ्मुख

काठमाडौँ टुँडिखेलको भद्रकालीस्थानमा रहेको गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा २ सङ्ख्याको पोकोमा संसारदेवीगूठीसम्बन्धी केही पत्र छन् । माइक्रोफिल्मबाट हेर्दा ती पत्र कागजको मूठो बनाएर राखिएका जस्ता देखिन्छन् । सबभन्दा पहिले त्यहाँ वि.सं. १९८१ फाल्गुन १ गतेको पत्रको पुछारको भाग देखिन्छ ।[१] त्यसपछि देउपाटनका वैद्यहरूलाई संसारदेवीगूठी थामिदिई वि.सं. १९३१ आषाढकृष्णपञ्चमी (ज्येष्ठ २४ गते)को दिन जङ्गबहादुर राणाले गरिदिएको रुक्का सारिएको छ ।[२] त्यस रुक्कापछि संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको मूलपाठ र नेपालीमा उल्था दिइएको छ ।[३] अनि त्यस गूठीका गुठियारहरूले सरकारलाई चढाएको लगतमुचुल्का दिइएको छ ।[४] त्यसपछि गूठीलगतजाँचअड्डाबाट त्यस गूठीको विषयमा पशुपतिनाथ भण्डारतहबीलमा वि.सं. १९७७ पौष १० गते पठाइएको पुर्जी दिइएको छ ।[५] त्यस पुर्जीपछि त्यस गूठीको आम्दानीखर्चसम्बन्धी वि.सं. १८६७ मार्गकृष्णसप्तमी (मार्ग ५ गते)को पत्र सारिएको छ ।[६] पुछारमा देउपाटन अमालबाट गूठीलगतअड्डालाई पठाइएको पत्रको सिरान त्यहाँ भेट्टाइन्छ ।[७] त्यहाँ यसरी ७ वटा सामग्री भए तापनि सबभन्दा अघिल्लो र सबभन्दा पछिल्लोचाहिँ अपूरा रहेछन् भन्ने स्पष्ट छ ।

संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्र भनेको पशुपतिमन्दिरको गर्भगृहमा यक्ष मल्ल र जीव मल्लले आफ्नी आमा संसारदेवीको ४५ दिनमा उनको प्रतिमा राखी त्यस विषयमा लेखी राखेको ताम्रपत्र हो । त्यो मूल ताम्रपत्र हाल पशुपतिगोस्वाराको भण्डारमा छ । गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा रहेको, त्यस ताम्रपत्रको माथि चर्चा गरिएको, पाठ र उल्था सारिएको कागजमा बायाँपट्टि मूलपाठ र दायाँपट्टि त्यसको उल्था दिई सकल् तामापत्रबमोजिं उल्था गरेका दुरुष्ट भनि सहिछाप गर्ने पण्डित् सिद्धिहर्ष वज्राचार्य्य असन् तक्षेबाहाल् भनी बायाँ किनारामा लेखिएको छ ।

---

१. यही निबन्धको ३ पृष्ठ ।
२. यही पूर्णाङ्कका ५८-६० पृष्ठ ।
३. यही निबन्धका १५-१७ पृष्ठ ।
४. यही पूर्णाङ्कका ६०-६५ पृष्ठ ।
५. यही पूर्णाङ्कका ६५-६६ पृष्ठ ।
६. यही पूर्णाङ्कका ५३-५७ पृष्ठ ।
७. यही पूर्णाङ्कको ६६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गूठीलगत तथा अभिलेखशाखाकार्यालयमा त्यस ताम्रपत्रको पाठ र उल्था भएको अर्को प्रति ४ सङ्ख्याको पोकोमा छ । त्यसमा पनि बायाँपट्टि मूलपाठ र दायाँपट्टि त्यसको नेपालीमा उल्था दिई सकल तामापत्रबमोजीम उल्था गरेको दुरुस्त छ भनि सहीछाप गर्ने पंडीत सिद्धीहर्ष वज्राचार्य्ये असन तक्षेबाहाल भनी बायाँ किनारामा लेखिएको छ ।

२ सङ्ख्याको पोकोमा रहेको प्रतिमा वीरपुस्तकालयको र सिद्धिहर्ष वज्राचार्यको छाप लागेकाले र ४ सङ्ख्याको पोकोमा रहेको प्रतिमा सिद्धिहर्ष वज्राचार्यकै नाउँसुद्धा पंडीत सिद्धीहर्ष वज्राचार्य्ये भनी अशुद्ध लेखिएकोले र कुनै छाप नलगाइएकोले पनि २ सङ्ख्याको पोकोमा रहेको प्रति सिद्धिहर्ष वज्राचार्यकै हस्ताक्षरको हो भन्ने देखिन्छ ।

४ सङ्ख्याको पोकोमा रहेको प्रतिचाहिँ सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरको प्रतिबाट कसैले सारेको देखिन्छ । सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरको प्रति सामान्यतया शुद्ध भएकोमा यस प्रतिमा ह्रस्वदीर्घ आदि निकै नै बिग्रेको छ तापनि सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरको प्रतिमा भ्रमवश छुटेका वा अशुद्ध लेखिएका अक्षर यस प्रतिमा कहींकहीं सच्चिएका छन् । ४ सङ्ख्याको पोकामा रहेको प्रतिमा येसको सकल हाल नंबर १०६ का मीसील सनसारदेवीगुठीका मीसीलमा गासेको छ भनी लेखिएकोले यो प्रति गूठीअड्डामै रहेको अझ अर्को प्रतिबाट सारेको देखिन्छ ।

सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरको प्रतिको शिरमा ताम्रपत्रको पाठ दिनुभन्दा ठीक माथि वीर-पुस्तकालयको छाप[८] लगाइएको छ र त्यही छापको हाराहारीमा दायाँपट्टि लगत्तै घंटाघर पुष्टक्-षानाबाट भनी उनकै हस्ताक्षरमा लेखिएकोले गूठीसम्बन्धी कुनै विवाद पर्दा सर्वसाधारणले नबुझने लिपि र भाषामा लेखिएको यस ताम्रपत्रको उल्था गर्न वीरपुस्तकालयमा पठाइएको देखिन्छ ।

देउपाटनका वैद्यहरूले चलाइआएको संसारदेवीगूठीमा कचिङ्गल उठ्दा त्यहाँका १७ जना वैद्यहरूलाई नै त्यो गूठी चलाउने अख्तियार जङ्गबहादुर राणाले थामिदिएको कुरा माथि चर्चा गरिएको, उनको वि.सं. १९३१ को रुक्काबाट बुझिन्छ । रुक्काको त्यस नकलमा बायाँ किनारामा सकल्बमोजीं नकल् दुरुस्त छ भनी सकल् बुझी ली हामीहरुका जीम्मामा छ भनी स्हीछाप गर्ने बीजयानंद बैद्द डचौपाटं भनी लेखिएको छ ।

त्यस गूठीको खेतपाखो कति छ, हाल ती खेतपाखा कमाउने मोहीहरूको नाउँवतन के हो, त्यसको दैदस्तुर कति हो, गूठीमा गर्नुपर्ने खर्च के कति हो र गूठीलाई भएको सनदसमेतको लगतको सोधनी सरकारबाट हुँदा गुठियार वैद्यहरूले जङ्गबहादुरले गरिदिएको रुक्कासमेत गाभी सबै विवरण

---

८. गोलो छापमा वृत्त काटी त्यसभित्र सबभन्दा माथि चापाकार पारेर अङ्ग्रेजीमा बिर् लाइब्रेरि, त्यसको मुनि सोझो पारेर रोमन लिपिमै नेपाल्, त्यसको मुनि बीचमा पारेर देवनागरीमा श्री, त्यसको मुनि देवनागरीमै सर्कारी पुस्तकखा, त्यसको मुनि बीचमा पारेर ना, त्यसको मुनि देवनागरी अङ्कमा १९५७ लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खुलाई सरकारमा पेश गरेको कुरा त्यस लगतमुचुल्काबाट बुझिन्छ । त्यसै प्रसङ्गमा ती गुठियारमध्ये एक जनाले जङ्गबहादुरको रुक्काको नकल सकलबमोजिम दुरुस्त छ भनी सहीछाप गरी आफ्नो छापसमेत लगाएको र त्यस नकललाई वीरपुस्तकालयले आफ्नो छाप लगाई पुष्टि गरेको स्पष्ट हुन्छ । वि.सं. १९३१ मा जुन १७ जना गुठियारहरूको नाउँमा सनद जारी गरिएको थियो, तीमध्ये एक जना मात्र त्यस वेला बाँचेकाले अरूका स्वास्नी, छोरा, बुहारी वा नातिले गूठीको अभिभारा लिएको पनि त्यस लगतमुचुल्काबाट स्पष्ट हुन्छ । तर त्यसको पछिल्लो अंश नभेट्टाइएकोले त्यो पत्र कुन सालको हो भनी भन्न सकिएन ।

त्यस गूठीमा विवाद पर्दा ती वैद्यहरूले त्यस ताम्रपत्रको पाठ पढिदिन र उल्था गरिदिन वीरपुस्तकालयमा निवेदन गरेको यी सबै कुराबाट अडकल गर्न सकिन्छ । वीरपुस्तकालयबाट पनि पाठ र उल्था तयार गरी आफ्नो छाप लगाई उनीहरूलाई दिएपछि उनीहरूले वि.सं. १९३१ सालको रुक्काको नकलसमेत गाँसी अड्डामा पेश गरेको देखिन्छ ।

सकल तामापत्रबमोजिम उल्था गरेको दुरुस्त छ भनी सिद्धिहर्ष वज्राचार्यले सहीछाप गरेकाले र वज्राचार्यशाक्यहरूमा पुरानो लिपि र भाषा पढ्न सक्ने परम्परा केही मात्रामा भए पनि बाँकी रहेकोले पुरानो नेवारी लिपिले संस्कृत र नेवारी भाषामा लेखिएको त्यस ताम्रपत्रको पाठ पढ्ने र त्यसको उल्था गर्ने काम पनि उनले गरेको देखिन्छ ।

वि.सं. १९७७ पौष १० गतेको दिन गूठीलगतजाँचअड्डाले पशुपतिनाथको भण्डारतहबीलअड्डामा पठाएको पुर्जीमा त्यस तहबीलअड्डाबाट त्यस लगतजाँचअड्डामा आएको ताम्रपत्रको उल्थाको चर्चा परेकोले यो उल्था यसैताका गरिएको हो कि जस्तो देखिन गएको छ ।

संसारदेवीगूठीसम्बन्धी, माथि चर्चा गरिएका कागजातमध्ये पहिलो पत्र अपूरो भए पनि यसै प्रसङ्गमा त्यसको पनि चर्चा गर्नुपरेको छ । त्यहाँ यस्तो

मुषीया हिराबाहादुर मास्के — १

ईती सम्बत १९८१ साल फागुण १ गते रोज ५[१] सुभम ——————[१०]

लेखी यी २ पङ्क्तिमध्ये अघिल्लोको उठानमा सानो र पछिल्लोकोमा ठूलो छाप लगाइएको छ । छापका

---

९. संवत् १९८१ फाल्गुनकृष्णः (सिल्लागा) ... फरवरी १९२५ धाता उत्तरायणं शिशिरः

[गते]	[वार]	[तिथि]	[घडी पला]	[नक्षत्र]	[घडी पला]	[योग]	[घडी पला]	[करण]	[घडी पला]
[माघ]	२९	बु	३	५५।५९	पू	१२।२६	सु	४४।१५	व	२५।४४

[आनन्दादि योग]	[चन्द्रको राशि घडी पला]	[दिनमान]	[सूर्योदय घण्टा मिनेट]	[तारीख]
स्थिर	२७५०	२७२४	६।३१	११

कुम्भे कं: ५४।३८ भ २५।४४ उ ५५।५९ या अश्विन्यां ४ भौमः ८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अक्षर अस्पष्ट भएकाले पढ्न नसकिए तापनि यी सबै पत्रलाई प्रमाणित गर्न पहिलो छाप सम्बद्ध अधिकारी अर्थात् मुखिया हीराबहादुर मास्केको र दोस्रो छाप सम्बद्ध अड्डाको लगाइएको देखिन्छ । आवश्यक कागजात सबै समेटी वि.सं. १९८१ फाल्गुन १ गतेको दिन गूठीअड्डाले संसार-देवीगूठीसम्बन्धी मिसिल खडा गरेको थियो कि जस्तो यताबाट देखिन गएको छ ।

जङ्गबहादुरको रुक्काको शिरमा अर्थात् देवता र आदरणीय मानिसहरूको नाउँ दिइएको ठाउँमा र संसारदेवीगूठीका गुठियारहरूले सरकारलाई चढाएको लगतमुचुल्कामा तलबाट उठाई द मु ठाकरमान् लेखिएकोले ठाकुरमान भन्ने मुखियाले दस्तखत गरी यी नकललाई प्रमाणित गरेको देखिन्छ ।

अब केही कुरा सिद्धिहर्ष वज्राचार्यबारे । सिद्धिहर्ष वज्राचार्य (वि.सं. १९३६[11]-२००९[12])ले गूठीअड्डाको लागि वीरपुस्तकालयमार्फत पुराना शिलापत्र, ताम्रपत्र, ताडपत्र आदिको पाठ पढ्ने र तिनको नेपालीमा उल्था गर्ने काम प्रशस्त गरेका छन् । केसरशमशेर जङ्गबहादुर राणा र हेमराज पण्डितमार्फत उनले सिल्विं लेविको लागि शिलापत्र पढेको प्रमाण पनि मैले भेट्टाएको छु, त्यस विषयमा फुर्सदमा लेख्ने मेरो विचार छ । उनीसँग सिल्विं लेविले केही नेवारी सिकेको कुरा पनि प्रकाशमा आइसकेको छ ।[13] विनयतोष भट्टाचार्य्यले बौद्ध प्रतिमालक्षणको विषयमा लेख्दा आफूलाई सिद्धिहर्ष वज्राचार्यले मदत गरेको कुरा खुद उनले नै लेखेका छन् ।[14] सुनीतिकुमार चाटुर्ज्याले

[गते] [वार] [तिथि] [घडी पला] [नक्षत्र] [घडी पला] [योग] [घडी पला] [करण] [घडी पला]
[फाल्गुन] १ वृ ४ ५५।१० उ १४।० धृ ४०।५१ व २५।३४
[आनन्दादि योग] [चन्द्रको राशि घडी पला] [दिनमान] [सूर्योदय घण्टा मिनेट] [तारीख]
मात कं २७।२७ ६।३० १२ संक्रान्तिः
(तोयनाथशर्मणामन्तेवासी १९८१)

१०. नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या के ८७/२५ ए मा यसको माइक्रोफिल्म भएको छ ।

११. नागेन्द्रमणि कुलिशाचार्य(२०५३:३२)ले सिद्धिहर्ष वज्राचार्यको जन्म ने.सं. ९९९ श्रावणशुक्लदशमीमा भयो भनी लेखेका छन् ।

१२. उनै(२०५३:३५)ले सिद्धिहर्ष वज्राचार्य ने.सं. १०७२ मा परलोक भए भनी लेखेका छन्, तर सिद्धिहर्ष वज्राचार्यको जन्ममा जस्तो तिथि भने दिएका छैनन् । सुनीतिकुमार चाटुर्ज्या(२०३१:समर्पणपृष्ठ)ले सिद्धिहर्ष वज्राचार्यको समय १८७९-१९५२ दिएका छन् । त्यसैले ने.सं. १०७२ मा ९३७ र ई.सं. १९५२ मा ५७ जोडेर वि.सं. २००९ भनी माथि लेखिएको हो ।

१३. सिल्विं लेविले धर्मादित्य धर्माचार्यलाई लेखेको चिठीमा यो कुरा छ । सम्बद्ध अंश नागेन्द्रमणि कुलिशाचार्य २०५३:३३ मा पनि छापिएको छ ।

१४. विनयतोष भट्टाचार्य्य २००५:*प्रिफेस्* (प्रस्तावना)को १ ।
उही २०१०:४९-५० ।
उही २०१५:प्रस्तावनाखण्डको १० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्नो एउटा पुस्तकमा सबभन्दा अगाडि सिद्धिहर्ष वज्राचार्यको नाउँ हाली अरू ४ जना भारतीय र १ जना अङ्ग्रेजलाई सो पुस्तक समर्पण गरेको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।[१५] यसबाहेक उनीसँग नेवारी लिपि र भाषा सिक्ने नेपाली, भारतीय, जापानी र पाश्चात्त्य विद्वान्हरूको लामै फेहरिस्त छ ।[१६] बाबुराम आचार्य(वि.सं. १९४४[१७]-२०२९[१८])ले स्वान्तसुखको लागि नेपालको

१५. सुनीतिकुमार चाटुर्ज्या २०३१:समर्पणपृष्ठ ।

१६. नागेन्द्रमणि कुलिशाचार्य २०५३:३३, ३५ ।

बाबुराम आचार्य र नयराज पन्तलाई पनि सिद्धिहर्ष वज्राचार्यले नेवारी लिपि सिकाएको कुरा त्यहाँ लेखिएको छ । बाबुराम आचार्यलाई त उनले नेवारी लिपि सिकाए सिकाएनन् मलाई थाहा छैन, तर नेपालको प्राचीन कालको इतिहासमा आफ्नो प्रवेश कसरी भयो भन्ने प्रसङ्गमा वैद्य जीवमङ्गल वज्राचार्यमार्फत टेबहालमा सङ्कटाको मन्दिरमुन्तिर बसी चिना पनि हेर्ने एक जना गुभाजूकहाँबाट प्राचीन लिपिका वर्णमाला आफूले ल्याएको कुरा नयराज पन्त(२०४३:*उपोद्घात* ९)ले लेखेकाले[१] उनले[२] सिद्धिहर्ष वज्राचार्यसँग प्राचीन लिपि सिकेको जस्तो लाग्दैन ।

सिद्धिहर्ष वज्राचार्यको चर्चा नयराज पन्तले एक ठाउँमा गरेको मलाई सम्झना छ । उनलाई नयराज पन्तले घण्टाघरका गुभाज्यू भनी लेखेका छन् । धर्मकीर्तिको *प्रमाणवार्तिक्को* ताडपत्रमा सारिएको पुस्तकको प्रसङ्गमा यो चर्चा आएको हो । त्यसअनुसार *प्रमाणवार्तिक्को* सो पुस्तक हेमराज पण्डितले घण्टाघरका गुभाज्यूसँग लिएका थिए, मेरो यो पुस्तक गुरुज्यूले फिर्ता गर्नुभएन भनी ती गुभाज्यूले नयराज पन्तसँग गुनासो गरेथे ।[३] *प्रमाणवार्तिक्को* त्यस पुस्तकको चर्चा विदेशमा धेरै चलेको थियो । फर्काउने शर्तमा हेमराज पण्डितसँग त्यो पुस्तक जुसेप्पे तुच्चिले लिएको कुरा उनले हेमराज पण्डितलाई लेखेको चिठीबाट खुलस्त हुन्छ ।[४] हेमराज पण्डितसँग त्यो पुस्तक भएको कुरा जयचन्द्र विद्यालंकारबाट थाहा पाएका राहुल साङ्कृत्यायनले वि.सं. १९९१ मा आफू नेपाल जाँदा हेमराज पण्डितसँग त्यो पुस्तक हेर्ने इच्छा प्रकट गरेथे । जुसेप्पे तुच्चिले फर्काउँछु भनी लिएर गएका थिए, उनले फर्काएनन् भनी हेमराज पण्डितले जवाफ दिए भनी राहुल सांकृत्यायनले लेखेका छन् ।[५]

१. जीवमङ्गल वज्राचार्यको सहायताबाट आफूले प्राचीन लिपिका प्रतिलिपि पाएको कुरा उनले अन्यत्र (नयराज पन्त २०३४:६९ = २०४४:इ-ई) पनि लेखेका छन् ।

२. मदनपुरस्कारगुठीको *नेपाली (त्रैमासिक)*को यस्तो नीति

> समालोचना र सम्पादनका क्रममा जीवित तथा मृत दुवैथरी कवि लेखक तथा महामनाहरूलाई 'तपाई' नभनी ऐतिहासिक 'तिमी' नै प्रयोग गर्ने विधि 'नेपाली' ले अपनाएको छ । त्यसलाई हाम्रा श्रद्धेयहरूको असम्मान नठानियोस् भन्ने आग्रह छ ।

मैले आफ्नो लेखमा पनि लिएको छु ।

३. नयराज पन्त २०२९ ख:२४५, २४ टिप्पणी ।

४. यो चिठी मैले देखेको छैन । एन्रीक गर्जिल्लि २०५८:१२१ मा माथि लेखेको कुरा परेको छ । जुसेप्पे तुच्चिले हेमराज पण्डितलाई लेखेको एउटा चिठीमा गुरुवरका कोशिशबाट पाइएको, अर्को पुरानो लेखोट पुस्तक सम्पादन गर्न आफ्नो घरमा ल्याएर कृतार्थ भएको छु । ... यहाँका कोशिशविना यो गहिरो आध्यात्मिक ग्रन्थ नष्ट हुन्थ्यो र धर्मकीर्तिको मत पनि बुझ्न गाह्रो हुन्थ्यो* भनी लेखेकाले धर्मकीर्तिले बनाएको यो पुस्तक हेमराज पण्डितको निजी नभई उनको कोशिशबाट जुसेप्पे तुच्चिको हात परेको र त्यो उनले आफूकहाँ लग्न सकेको देखिन्छ ।

५. नयराज पन्त २०२९ ख:२४५ ।

* यो मूल पत्र र त्यसको आफूले गरेको नेपाली उल्था ज्ञानमणि नेपाल(२०५७:१५७ र १७१)ले छपाएका छन् । उनले गरेको उल्थामा आवश्यक हेरफेर गरी माथिको उल्था तयार गरिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहासको खोजी गर्न थालेकै ताका[१९] अर्थको लागि अरूको निमित्त गुमनाम जस्तै भएर सिद्धिहर्ष वज्राचार्यले नेपालको इतिहासका आकरको पाठ पढ्ने र उल्था गर्ने काम गर्ने गरेका थिए । संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको, उनले पढेको पाठ र उनले गरेको उल्था त्यही कामकै एउटा नमूना हो ।

सिद्धिहर्ष वज्राचार्यको विद्याको इयत्ताको विषयमा म अहिले धेरै भन्न सक्दिनँ । उनीउपर अत्यन्त श्रद्धा गरी उनको विषयमा लेख्ने नागेन्द्रमणि कुलिशाचार्य(२०५३:३२)अनुसार उनले पण्डित गङ्गादत्त शर्मासँग संस्कृत व्याकरण र काव्य पढेका थिए । यी गङ्गादत्त शर्मा भनेको त्यसताकाका प्रसिद्ध वैयाकरण र नैयायिक गङ्गादत्त गोतामे देखिन्छन् ।[२०] यताबाट सिद्धिहर्ष वज्राचार्य पण्डितराज सोमनाथ सिग्देल(वि.सं. १९४१[२१]-२०२९[२२])का सतीर्थ्य[२३] हुन गएका छन् । संसारदेवीको प्रतिमा-

---

जुसेप्पे तुच्चिले हेमराज पण्डितसँग लिएर गएको पुस्तक पनि तुच्चिका चेला रन्येरो न्योलिले आफूले सम्पादन गरेको *प्रमाणवार्तिक*मा उपयोग गरेको देखिन्छ ।[१]

१७. नयराज पन्त २०२९:१३१ ।

१८. उही:१४८ ।

१९. वि.सं. २०१६ मा लेखिएको[२] बाबुराम आचार्यसम्बन्धी एउटा लेख (आनन्ददेव भट्ट २०१७:३०)मा खुद बाबुराम आचार्यले म खालि ४० वर्ष यता इतिहासमा भिजेको हुं भनी बोलेको कुरा छापिएकोले वि.सं. २०१६-४० = वि.सं. १९७६ देखि उनी नेपालको इतिहासमा लागेको देखिन्छ । ७६ सालमा बाको अस्तु लिएर बनारस जाँदा बाटामा विहारको आरा भन्ने ठाउँमा बास पऱ्यो । नेपालमा किताब नपाइने, खोज्दै एउटा पसलमा पुगियो, त्यहाँ नेपालको शिलालेखसम्बन्धी एउटा पुस्तक रहेछ । केही ज्ञान भयो । जिज्ञासा बढ्दै गयो (दमन ढुङ्गाना २०४६:१९-२०)[३] र [१९७६ सालको] हिउँदको वेला थियो, पिताजी स्वर्गे हुनुभएकोले उहाँको अर्थि[४] सेलाउन बनारसतिर जाँदा एक दिन आरामा बस्नुपऱ्यो । कता कताबाट त्यहीं एउटा प्राचीन लेख माला (प्राचीन लिपिमाला) भन्ने पुस्तक पाएँ, समय कटाउन उक्त पुस्तक पढ्दापढ्दै जयदेवको शिलालेख पनि त्यहाँ उद्धृत रहेछ । त्यो पढ्दा हाम्रो देशमा पनि यस्ता-यस्ता राजा रहेछन् ए ! भने जस्तो लागेर किताब किन्न खोजें, तर पाइन । बनारस पुगेपछि देवीप्रसाद सापकोटाको सल्लाहले नागरी प्रचारिणी सभामा गएर अरू ऐतिहासिक पुस्तकहरू पनि पढ्न थालें । केही पुस्तक किनेर ल्याएँ । अनि सिंभू चाँगु आदिका एकान्त स्थलहरूमा गएर स्वान्तःसुखाय त्यहाँ रहेका अभिलेखहरू पढ्दा-पढ्दै यस विषयप्रति गहिरो जिज्ञासा बढ्दै गयो (भैरव अर्याल २०४६:१५६) भनी उनले बोलेको कुरा छापिएकोले पनि उनी वि.सं. १९७६ देखि नेपालको इतिहासमा लागेको देखिन्छ ।

२०. नयराज पन्त २०२९क:२०२ ।

२१. उही ।

---

१. एन्रीक गर्जिल्लि २०५८:१२१, २४ टिप्पणी ।

२. यस लेखको अन्त्यमा वि.सं. २०१६।७।२३।२ (आनन्ददेव भट्ट २०१७:३८) लेखिएकोले यो लेख वि.सं. २०१६ मा लेखिएको स्पष्ट हुन्छ ।

३. यही लेखको अघिल्लो संस्करण(दमन ढुङ्गाना २०२७:१०)मा यस घटनाको संवत् ७७ साल दिइएको छ । यही लेख *बाबुराम आचार्य स्मृतिग्रन्थ*मा फेरि छापिँदा भने ७६ साल (दमन ढुङ्गाना २०४६:१९) भएर सच्चिएको छ । यो लेख उद्धरण गरी त्यस *स्मृतिग्रन्थ*मा छपाउँदा साभार- 'सञ्चय' वर्ष १, अङ्क ६ काठमाडौं, २०२७ भनी अन्त्यमा लेखिएको छ । तर त्यस *स्मृतिग्रन्थ*का दिग्गज सम्पादकहरूले मूल लेखमा ७७ साल भएको कुराको चर्चा नगर्नु उदेकलाग्दो छ ।

४. अस्थि हुनुपर्ने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थापना गरी राखिएको ताम्रपत्रको सबभन्दा पहिलो श्लोकको पहिलो पाउको पाठ **स्तन्येन्दुवन्हि-त्रयलोचनाय** पढी शिवजीको विशेषणको रूपमा आएको यस समस्तपदको अर्थ **स्तनमण्डल भै चन्द्रमा भै आगो भै तिन् नेत्र भयेका** भनी सिद्धिहर्ष वज्राचार्यले गरेकाले उनले आफ्ना गुरुको विद्या राम्ररी लिएको जस्तो लाग्दैन ।[२४]

सिद्धिहर्ष वज्राचार्यले कुलमान वज्राचार्यसँग बौद्ध धर्म पढेका हुन् भनी तिनै नागेन्द्रमणि कुलिशाचार्य(२०५३:३२)ले लेखेका छन् । सिल्विं लेवि नेपाल आउँदा अर्थात् वि.सं. १९४४ मा वज्राचार्यहरूमा सबभन्दा जान्नेसुन्ने भनी गनिएका यिनै कुलमान थिए भन्ने कुरा हामी सिल्विं लेविको लेखबाट बुझ्छौं ।[२५] उनले कुलमानको बौद्ध धर्मको र संस्कृतको ज्ञानको खिल्ली उडाई[२६] कुलमानले आफूलाई संस्कृतमा लेखेका चिठी पनि आफ्नो नेपालको इतिहासमा छपाएका छन्[२७] र ती चिठीलाई **स्थानीय बौद्ध संस्कृतको नमूना**[२८] भनी लेखेका छन् । लिङ्ग, विभक्ति, सन्धि आदि बिग्रिएको, कुलमानको संस्कृतभाषाबाट उनलाई प्रभाव नपर्नु स्वाभाविकै हो । सिल्विं लेविले कुलमानको मात्र होइन, जुनजुन नेवार वज्रयानी पण्डितसँग उनको भेट भयो, ती सबैको ज्ञान तुच्छ भएको कुरा उनले स्पष्टसँग लेखेका छन् ।[२९] एक जना वज्रयानी पण्डितको विषयमा त मलाई जति तुर्की आउँछ, त्यति नै उनलाई संस्कृत आउँछसम्म भनेर उनले लेखेका छन् ।[३०] सिल्विं लेविले नेवार वज्रयानी पण्डितहरूको बारेमा जे लेखे, त्यो अतिशयोक्ति होइन वास्तव कुरा हो । यस विषयमा थप प्रमाण जुटाई कुनै वेला लेख्ने मेरो पनि विचार छ ।

---

२२. उही:२२५ ।

२३. रानीपोखरीपाठशालामा सोमनाथ सिग्देलले पढ्दा उनका गुरुहरूमा गङ्गादत्त गोतामे पनि थिए (उही:२०३) ।

२४. सिद्धिहर्ष वज्राचार्यलाई संस्कृत राम्रो नआउने कुराको यो त एउटा नमूना मात्र हो । यही ताम्रपत्रको संस्कृतखण्डको उल्था मात्र हेर्दा पनि उनले अन्तअन्त पनि बिराएको नदेखिने होइन ।

२५. सिल्विं लेवि १९६१/६२ क:३४२ = २०४१ क:२७-२८ ।

२६. उही:३४२ = २०४१ क:२७-२८, ३५९ = २०४२:१९, ३६३ = २०४२:२१ ।

२७. श्रीकुलमानपण्डितेन भवतां श्रीमतां प्रणामपुर:सरेण प्रार्थना कृतं भवतां उक्तं पुस्तकं महायानसूत्रालंकार अत्र नेपाले अतिदुर्लभमेव तथापि भवतामाज्ञां शिरे धृत्वा अहं लिखित्वा समर्प्पयामि अहं तु एकमेव बद्धनिकाय्र्योऽस्ति(??) तथापि भवतां शेवा करिष्यामि अने सदृशो न कर्तुमर्हसि राजगृहे पुस्तकलिखितसमये दिनं प्रति एको मोहर दत्तोऽस्ति तथापि भवतां अवलोक्य दातुमर्हसि इति शुभं ॥

(सिल्विं लेवि १९६१/६२ क:३५९ मा रोमन लिपिमा छापिएकोबाट देवनागरीमा परिवर्तन गरिएको)

भवतां श्रीमतां प्रणम्य भवतामाज्ञापितपुस्तकानाम् मद्गृहे अस्ति वा न अस्ति मया न ज्ञातं भवतां कृपा चेत् तर्हि लिखित्वा अन्यगृहे मया गन्तुमन्यत्पुस्तकम् भवतामग्रे यः पुस्तकानि समर्पयामि ।

(उही:३५९-६० मा रोमन लिपिमा छापिएकोबाट देवनागरीमा परिवर्तन गरिएको)

२८. उही:३५९ = २०४२:१९ ।

२९. उही:३१७ = २०४१:१३, ३२३-३२४= २०४१:१६, ३२५= २०४१:१७, ३३८ = २०४१:२३, ३८१= २०४२-४३:१५ ।

३०. उही:३९० = २०४२-४३:२० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसो हेर्दा हाम्रा सिद्धिहर्ष वज्राचार्य अहिले नाउँ चलेका हेमराज शाक्य[३१] र बद्रीरत्न वज्राचार्य जस्तै आफ्नो समयमा प्रसिद्ध देखिन्छन् । मीनबहादुर शाक्य र नरेशमान वज्राचार्य जस्ता संस्कृतविद्याबाट पराङ्मुख वज्रयानी पण्डित नजन्मेको जमानामा उनको घोषवृद्ध[३२]को काम राम्ररी चलेको देखिन्छ ।

यसै प्रसङ्गमा सिल्विं लेविको संस्कृतज्ञानको विषयमा पनि केही लेख्नु अप्रासङ्गिक नहोला । संस्कृतभाषामा उनको कति अधिकार थियो भन्ने कुराको दसी त आफूले लेखेको नेपालको इतिहासमा छापिएका उनका संस्कृत लेख नै छन् ।[३३] नेवार वज्रयानी पण्डितहरूको संस्कृत जस्तो च्युतसंस्कृतिले उनको लेख दूषित नभए पनि उनले बनाएका श्लोकमा ठाउँठाउँमा छन्द नमिलेको टड्कारो देखिन्छ ।

---

३१. हेमराज शाक्यको विषयमा मेरो विचारको लागि महेशराज पन्त २०४९:१२८-१३१ हेर्नू ।

३२. केही अपवाद छोडेर मैले (महेशराज पन्त २०४३:२३) हाम्रा बुद्धिजीवीहरूलाई **सत्री, बन्दी, नागरक र घोषवृद्ध** गरी ४ वर्गमा सूत्ररूपमा बाँडेको छु । यसको व्याख्या गर्न अझै बाँकी छ ।

३३.

धीरो धीरसंभवो यः प्रथमं वीरतां गतः ।
ततः समुन्नतिक्रमाद् देवत्वं प्राप्य संबभौ ॥
मलिनत्वं परिहाय यत्कीर्त्या चन्द्ररूपया ।
दिवि प्रतिविम्बमात्रो न्यक्क्रियते निशापतिः ॥
स जयति
शमशेरजङ्गवंशः
यस्य प्रसादेन च सौहार्देन च
नेपालवर्णनमेतत्
समुदपादि
कृतज्ञ उपहारं प्रयच्छति
ग्रन्थकारो ऽतिथिः

(सिल्विं लेवि १९६१/६२ मा समर्पणवाक्य)

बुभुक्षितां व्याघ्रीं दृष्ट्वा स्वशरीरमयाचितः ।
पशावपि करुणार्द्रो बोधिसत्वः पुरा ददौ ॥
आगतमतिथिं श्रुत्वा श्रुत्वा धर्मार्थिनं तथा ।
पुस्तकानां पण्डितेन दीयते नैव दर्शनम् ॥
कृतपारमिताभ्यासः स्वर्गं याति न संशयः ।
दानपारमितां त्यक्त्वा पुण्यलाभः कथं भवेत् ॥

(सिल्विं लेवि १९६१/६२ क:३५९ मा रोमन लिपिमा छापिएकोबाट देवनागरीमा परिवर्तन गरिएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिल्विं लेविको संस्कृतज्ञानको विषयमा नयराज पन्तले लेखेको कुराको उद्धरण गर्नु पनि प्रासङ्गिक नै होला –

> लेभी तुलनात्मक भाषाविज्ञानका असल पण्डित थिए तापनि संस्कृतभाषाका व्याकरण, काव्य, कोशहरूमा उनको प्रौढ पाण्डित्य थिएन । यो कुराको परीक्षा पं. लेभीले आफ्नै हातले लेखेका संस्कृतभाषाका चिठीहरूबाट तपाई गर्न सक्नुहुन्छ ।[३४]
>
> हेमराजसँग विशाल पुस्तकसङ्ग्रह थियो भन्ने कुरा त सबैलाई थाहा छ । विदेशी विद्वान्हरूलाई आफूले पठाएका पत्रका नकल र उनीहरूले आफूलाई लेखेका पत्र पनि उहाँले सङ्ग्रह गरी राख्नुभएको रहेछ । लेभी आदि विद्वान्हरूले उहाँलाई लेखेका र उहाँले उनीहरूलाई लेखेका चिठीपत्र उहाँले एक दिन मलाई बाँच्दै सुनाउनुभयो । त्यस वेला लेभीहरूका संस्कृत लेख देखेर म अचम्म परें । लेभीलाई मैले संस्कृतका ठूला विद्वान् सम्झेको थिएँ । तर उनले संस्कृतमा लेखेका चिठी भने केटाकेटीले लेख्ने खालका थिए । कस्तो खालको संस्कृत रहेछ भनी मैले भन्दा हेमराजजीले यिनीहरूको संस्कृत यस्तै हो भनी भन्नुभयो ।
>
> लेभीले आफ्नो ले नेपालको समर्पणवाक्य संस्कृतमा ... लेखेका छन् ...
>
> लेभीले हेमराजलाई विंशिका त्रिंशिका समर्पण गरेका छन् । त्यस ग्रन्थको समर्पणवाक्य संस्कृतमा छ । सो संस्कृत पनि माथिल्लो कोटिको छैन ।[३५]

सिल्विं लेविले नेवार वज्रयानी पण्डितहरूको विषयमा लेखेको कुरा नै मैले आफ्नो शब्दमा भन्ने हो भने संस्कृतभाषामा र बौद्ध दर्शनमा कुलमान वज्राचार्य एक जनाको मात्र अधिकार नभएको नभई धेरैजसो नेवार वज्रयानी पण्डित त्यस्तै त्यस्तै खालका छन्, कोही उन्नाइस छन् त कोही बीस । यसै गरी संस्कृतमा प्रौढ पाण्डित्य नहुने पाश्चात्त्य विद्वान्हरूमा सिल्विं लेवि एक जना मात्र होइनन्, त्यस शिक्षापद्धतिबाट शिक्षा पाउने सबै यस्तै यस्तै छन् । यस विषयमा मैले अलिकति २६ वर्षअगाडि नै लेखिसकेको हुँ ।[३६] नेपालका दिग्गज पण्डितहरूमा नगनिएका छविलाल ढुङ्गेल (वि.सं. १८९६-१९६४)ले संस्कृतमा लेखे जति लेख्नु पनि प्रकाण्ड वेदज्ञ कहलाएका म्याक्स मूलरको लागि असम्भव थियो भन्ने कुरा म्याक्स मूलरले आफैंले[३७] लेखेको सम्झनु पनि यस प्रसङ्गमा उपयुक्त नै हुन्छ ।

सिल्विं लेविले संस्कृतमा लेखेका चिठी दिनेशराज पन्त २०४८:६०, ज्ञानमणि नेपाल २०५७:१४३-१४५ र एन्रीक गर्जिल्लि २०५८:१४५-१४७ मा छापिएका छन् । ज्ञानमणि नेपाल २०५७:१४३ मा छापिएको चिठी एन्रीक गर्जिल्लि २०५८:१४५-१४७ मा मूलको फोटोसहित छापिएको छ । फोटोसँग दाँजेर हेर्दा ज्ञानमणि नेपालले दिएको पाठ ठाउँठाउँमा मूलअनुसारको छैन भन्ने स्पष्ट देखिन्छ । ज्ञानमणि नेपाल २०५७:५७-१४० मा हेमराज पण्डितको डायरीको पाठ दिँदा ठाउँठाउँमा बिग्रिएको कुरा एन्रीक गर्जिल्लि(२०५८:१२९, ४४ सङ्ख्याको टिप्पणी)ले लेखेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।

३४. नयराज पन्त २०५९:११ ।
३५. उही २०३३:९१-९२ ।
३६. महेशराज पन्त २०३५:१२९-१४४ ।
३७. नयराज पन्त २०३३:८९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तको शब्दमा भन्ने हो भने

> ... ग्रीक, ल्याटिन आदि भाषा जसरी पश्चिमाहरूले पढे, त्यसरी संस्कृत पढ्न उनीहरूले नसकेकाले वा नखोजेकाले संस्कृतभाषाको उच्च ज्ञान उनीहरूमा आएन । संस्कृतका पश्चिमा विद्वान्हरूका चेला भारतीयहरूले पनि आफ्ना गुरुले देखाइदिएको बाटोभन्दा पर गई संस्कृत पढ्ने चेष्टा गरेका छैनन् । यस कारण अहिले चलेको शोधपद्धति दोषपूर्ण छ ।[३८]

अझ अर्को शब्दमा भन्ने हो भने फरासीस विद्वान् आँक्तिल-दुपेरों (वि.सं. १७८८-१८६२)ले जसरी हामी ग्रीकहरूको र रोमनहरूको परिशीलन गर्छौं त्यसै गरी भारतीयहरूको परिशीलन गरौं[३९] भन्ने इच्छा राखे पनि पाश्चात्त्यहरूले त्यसको अनुसरण नगरेकाले यस्तो अवस्था आएको हो ।

सिद्धिहर्ष वज्राचार्यले संसारदेवीको प्रतिमास्थापना गरी राखिएको ताम्रपत्रको पाठ पढी त्यसको उल्था गरेको ५० वर्ष जतिपछि[४०] डिल्लीरमण रेग्मीले त्यसको पाठ छपाए ।[४१] त्यसको झण्डै ३३ वर्षपछि गोविन्द टण्डनले त्यही ताम्रपत्रको पाठ र उल्था छपाए ।[४२] डिल्लीरमण रेग्मीले त सिद्धिहर्ष वज्राचार्यको पाठ र उल्था भेट्टाएको जस्तो मलाई लाग्दैन, गूठीअड्डामा पशुपतिसम्बन्धी कागजात खोतल्न लगातार डेढ वर्ष जति बिताई[४३] पशुपतिसम्बन्धी सबै सामग्री बटुलेर ढड्डु किताप लेख्ने गोविन्द टण्डनले भने सिद्धिहर्ष वज्राचार्यका पाठ र उल्था देख्नु धेरै सम्भव छ । त्यस ताम्रपत्रको डिल्लीरमण रेग्मीले छापेको पाठ तथा गोविन्द टण्डनको पाठ र उल्थासँग दाँजेर हेरी नेपालको इतिहासको खोजीको इतिहास लेख्दा सिद्धिहर्ष वज्राचार्यको अवदान प्रकाशमा आओस् भन्ने अभिप्रायले उनले पढेको पाठ र गरेको उल्था प्रकाश गर्दैछु ।

सिद्धिहर्ष वज्राचार्यले पढेको पाठ र उनले गरेको उल्था माइक्रोफिल्म[४४]को रीडर प्रिन्टबाट सारिएको हो । उनले पदच्छेद राम्ररी नगरी पुरानै शैलीमा एकनासले लेखेकोमा पदच्छेद गरेर र पद्यको हकमा हरेक पाउको अन्त्यमा पङ्क्ति छुट्टचाएर र उनको पाठ र उल्थामा चाहिँ पदच्छेद गरेर यहाँ दिइएको छ ।

---

३८. उही २०३३:९४ ।

३९. विल्हेल्म हाल्व्फास २०४४:६६ मा उद्धृत मूल फरासीसबाट *हाम्रो वक्तव्य* २०६०:४ मा उल्था गरिएको ।

४०. सिद्धिहर्ष वज्राचार्यले यस ताम्रपत्रको पाठ पढेको र उल्था गरेको ठीक मिति हामीलाई थाहा छैन । वि.सं. १९७७ पौष १० गतेको गूठीलगतजाँचअड्डाको पुर्जीबाट त्यस वेला यस ताम्रपत्रको उल्था भइसकेको देखिएकोले र संसारदेवीगूठीसम्बन्धी मिसिलमा सिद्धिहर्ष वज्राचार्यले पढेको पाठ र गरेको उल्था गाभिएकोले वि.सं. १९७७ को पुर्जीमा चर्चा गरिएको उल्था वि.सं. १९३६ मा जन्मेका सिद्धिहर्ष वज्राचार्यले नै गरेको हुनु धेरै सम्भव छ ।

४१. डिल्लीरमण रेग्मी २०२३:१खण्ड, ५८-६१ = ५६ सङ्ख्याको अभिलेख ।

४२. गोविन्द टण्डन २०५६:१२५-१३० = ४ परिशिष्ट ।

४३. गोविन्द टण्डन २०६१:८७ ।

४४. यसको माइक्रोफिल्म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाबाट भएको छ । २ सङ्ख्याको पोकामा रहेको प्रतिको माइक्रोफिल्मको रीलसङ्ख्या के ८७/२५ बी र ४ सङ्ख्याको पोकामा रहेको प्रतिको माइक्रोफिल्मको रीलसङ्ख्या के ६९/२० हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका पुस्तकपात्रा र लेखको छोटकरी र पूरा रूप खुलाइएको, रचयिताको नाउँको वर्णक्रमअनुसारको तालिका*

आनन्ददेव भट्ट २०१७

= वि.सं. २०१७ मा काठमाण्डूबाट मदनपुरस्कारगुठीद्वारा प्रकाशित *नेपाली (त्रैमासिक)* ३ पूर्णाङ्कका २५-३८ पृष्ठमा छापिएको, आनन्ददेव भट्टको *इतिहास शिरोमणि श्री बाबुराम आचार्यका संबन्धमा* ।

एन्रीक[1] गर्जिल्लि २०५८

= ई.सं. २००१ (वि.सं. २०५८) मा विस्बादनबाट फ्रन्त्स श्थाइनर फेर्लाकद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* (नेपाल रिसर्च् सेन्टर्को पत्रिका) १२ भागका ११५-१४९ पृष्ठमा छापिएको, एन्रीक[1] गर्जिल्लिको *ए स्यान्स्किट् लेट्अर् रिट्न् बाइ सिल्भिं लेवि इन् १९२३ टु हेमराज शर्मा, अलङ् विद् सम् हिद्अर्टु अन्नोन् बाइअग्रफ्इक्ल् नोट्स्* (सिल्भिं लेविले वि.सं. १९८० मा हेमराज शर्मालाई संस्कृतमा लेखेको चिठी; अहिलेसम्म थाहा नभएका, जीवनीसम्बन्धी केही टिप्पणीसँगै) ।

कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्य २०४६

= वि.सं. २०४६ मा काठमाडौँबाट इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकसमारोहसमितिद्वारा प्रकाशित; कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्यद्वारा सम्पादित *बाबुराम आचार्य स्मृतिग्रन्थ* ।

गोविन्द टण्डन २०५६

= वि.सं. २०५६ मा काठमाडौँबाट भरेन्द्र शम्शेर ज.ब.रा. र मञ्जु राणाद्वारा प्रकाशित, गोविन्द टण्डनको *पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन* २ भाग ।

गोविन्द टण्डन २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट दायित्ववाङ्मयप्रतिष्ठानद्वारा प्रकाशित *दायित्व* ५० पूर्णाङ्कका ८५-९१ पृष्ठमा छापिएको, गोविन्द टण्डनको *अमृतानन्द बाँडा र सुन्दरानन्द बाँडासम्बन्धी थप कुरा* ।

ज्ञानमणि नेपाल २०५७

= वि.सं. २०५७ मा दाङबाट महेन्द्रसंस्कृतविश्वविद्यालयद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पं. हेमराज शर्मा– उनका कृति र समीक्षा* ।

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* (मध्यकालको नेपाल) ३ भाग ।

तोयनाथशर्मणामन्तेवासी (तोयनाथ शर्माका चेला) १९८१

= काठमाडौँबाट प्रकाशित, तोयनाथ शर्माका चेलाको *कुनागाङ्कशशाङ्क १९८१ मिताब्दस्य नेपालदेशीयपञ्चाङ्गम्* (संवत् १९८१ को नेपाल देशको पात्रो) ।

---

* कुनै कृतिमा रचयिताको नाम नदिइएको हकमा कृतिको शीर्षक वर्णक्रमअनुसार राखिएको छ ।

१. यस नाउँको उच्चारण हलन्त नगरी अजन्त गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दमन ढुङ्गाना २०२७

= वि.सं. २०२७ मा काठमाडौँबाट बासु शशीद्वारा प्रकाशित *संचय* ६ अङ्कका ९-१५ पृष्ठमा छापिएको, दमन ढुङ्गानाको *जो आँखा देख्दैन तर शिलालेख पढ्न सक्छ* ।

दमन ढुङ्गाना २०४६

= वि.सं. २०४६ मा काठमाडौँबाट इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकसमारोहसमितिद्वारा प्रकाशित; कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्यद्वारा सम्पादित *बाबुराम आचार्य स्मृतिग्रन्थ*का १९-२२ पृष्ठमा केही संशोधन गरी फेरि छापिएको, दमन ढुङ्गानाको *जो आँखा देख्न सक्दैन, तर शिलालेख पढ्न सक्दछ* ।

दिनेशराज पन्त २०४८

= वि.सं. २०४८ मा प्रकाशित *पूर्णिमा* ८३ पूर्णाङ्कको ६० पृष्ठमा छापिएको, दिनेशराज पन्तको *हेमराज पण्डितज्यूलाई सिल्विं लेविले पठाएको पत्र* ।

नयराज पन्त २०२९

= वि.सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २७ पूर्णाङ्कका १२७-१५३ पृष्ठमा छापिएको, नयराज पन्तको *विद्वत्पूजा* ।

नयराज पन्त २०२९ क

= वि.सं. २०२९ मा प्रकाशित *पूर्णिमा* २८ पूर्णाङ्कका १८९-२२८ पृष्ठमा छापिएको, नयराज पन्तको *विद्वत्पूजा (२ सङ्ख्या)* ।

नयराज पन्त २०२९ ख

= *पूर्णिमा* २८ पूर्णाङ्कका २२८-२५२ पृष्ठमा छापिएको, नयराज पन्तको *गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार* ।

नयराज पन्त २०३३

= वि.सं. २०३३ मा प्रकाशित *पूर्णिमा* ३४ पूर्णाङ्कका ८३-९४ पृष्ठमा छापिएको, नयराज पन्तको *वेदाङ्गज्यौतिष र लिच्छवि-कालगणना* ।

नयराज पन्त २०३४

= वि.सं. २०३४ मा काठमाडौँबाट वाल्मीकि क्याम्पसद्वारा प्रकाशित *मर्यादा* १३ पूर्णाङ्कका ६६-८५ पृष्ठमा छापिएको, नयराज पन्तको[२] *सुमतितन्त्र तथा कालचक्रको ज्यौतिषभागको साधर्म्य तथा वैधर्म्य* ।

नयराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको[३] *लिच्छविसंवत्को निर्णय* ।

नयराज पन्त २०४४

= वि.सं. २०४४ मा दाङबाट महेन्द्रसंस्कृतविश्वविद्यालयद्वारा प्रकाशित, नयराज पन्त र दिनेशराज पन्तको *कालचक्रको ज्यौतिषभाग र त्यसको विवेचना*का अ-ऋ पृष्ठमा छापिएको, नयराज पन्तको *प्रस्तावना* ।

---

२. यसमा सहायक दिनेशराज पन्त ।

३. यसमा सहायक देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपाने ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्त २०५९

= वि.सं. २०५९ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठानद्वारा प्रकाशित, नयराज पन्तको *हाम्रो उद्देश्य र कार्यप्रणाली* ।

नागेन्द्रमणि कुलिशाचार्य २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नेपालभाषा परिषद्द्वारा प्रकाशित *नेपाल ऋतु-पौ* (आर्तव पत्रिका नेपाल) ८३ पूर्णाङ्कका ३२-३५ पृष्ठमा छापिएको, नागेन्द्रमणि कुलिशाचार्यको *बौद्ध विद्वान् पण्डित सिद्धिहर्ष वज्राचार्य (बाबुकाजी गुरूजु)* ।

बाबुराम आचार्य स्मृतिग्रन्थ

= कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्य २०४६ मा हेर्नू ।

भैरव अर्याल २०४६

= वि.सं. २०४६ मा काठमाडौँबाट इतिहास-शिरोमणि बाबुराम आचार्य शतवार्षिकसमारोहसमितिद्वारा प्रकाशित; कृष्णचन्द्रसिंह प्रधान, ज्ञानमणि नेपाल, गोविन्द टण्डन, माधव भट्टराई र श्रीकृष्ण आचार्यद्वारा सम्पादित *बाबुराम आचार्य स्मृतिग्रन्थ*का १५५-१५९ पृष्ठमा फेरि छापिएको, भैरव अर्यालको *खरदारबाजे र इतिहासको ठेली* ।

महेशराज पन्त २०३५

= ई.सं. १९७९ (वि.सं. २०३५) मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, उनैको *अन् स्यान्स्किट् एड्युकेशन्* (संस्कृतशिक्षाको विषयमा) ।

महेशराज पन्त २०४३

= वि.सं. २०४३ मा काठमाडौँबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*को प्रस्तावनाखण्डका १-२५ पृष्ठमा छापिएको, महेशराज पन्तको *किन म यस पुस्तकको प्रकाशक बनें ?*

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा ललितपुरबाट बोधिपरिषद्द्वारा प्रकाशित, सत्यमोहन जोशीद्वारा सम्पादित *हेमराज भिंतुना-देछा अभिनन्दन-ग्रन्थ* (हेमराजलाई शुभकामनासमर्पण– अभिनन्दनग्रन्थ)का १२८-१३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *हेमराज शाक्यको वैशिष्ट्य मेरो दृष्टिमा* ।

विनयतोष भट्टाचार्य्य २००५

= ई.सं. १९४९ (वि.सं. २००५) मा बडोदाबाट अर्इएन्टल इन्स्टिट्युटद्वारा प्रकाशित, विनयतोष भट्टाचार्य्यको *निष्पन्न-योगावली अफ् महापण्डित अभयाकरगुप्त* (महापण्डित अभयाकरगुप्तको *निष्पन्नयोगावली*) ।

विनयतोष भट्टाचार्य्य २०१०

= वि.सं. २०१० मा काठमाडौँबाट नेपाल-सांस्कृतिक परिषद्द्वारा प्रकाशित *नेपाल-सांस्कृतिक परिषद्-पत्रिका* २ वर्ष २ अङ्कका ४८-५२ पृष्ठमा छापिएको, विनयतोष भट्टाचार्य्यको *अध्येताको स्वर्ग (नेपाल)* ।

विनयतोष भट्टाचार्य्य २०१५

= ई.सं. १९५८ (वि.सं. २०१५) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, विनयतोष भट्टाचार्य्यको *द इन्डिअन् बुद्इस्ट् आइकन्अग्रचाफि* (भारतीय बौद्ध प्रतिमालक्षण) २ संस्करण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विल्हेल्म हाल्ब्फास २०४४

= ई.सं. १९८८ (वि.सं. २०४४) मा आल्बनीबाट स्टेट यूनिभर्सिटि अफ नू योर्क प्रेसद्वारा प्रकाशित, विल्हेल्म हाल्ब्फासको *इन्डिअ यान्ड् युरप् यान् एस्ए इन् अन्डर्स्टयान्ड्इङ्* (भारतवर्ष र यूरोप– समझको बारे निबन्ध) ।

सिल्विं लेवि १९६१/६२

= ई.सं. १९०५ (वि.सं. १९६१/६२) मा प्यारिसबाट एर्नेस्त लरूद्वारा प्रकाशित, सिल्विं लेविको *ल नेपाल् एत्यूद् इस्तोरीक् दँ ल्वायोम् एँदू* (नेपाल– हिन्दू राज्यको इतिहासको परिशीलन) १ भाग ।

सिल्विं लेवि १९६१/६२ क

= ई.सं. १९०५ (वि.सं. १९६१/६२) मा प्यारिसबाट एर्नेस्त लरूद्वारा प्रकाशित, सिल्विं लेविको *ल नेपाल् एत्यूद् इस्तोरीक् दँ ल्वायोम् एँदू* २ भाग ।

सिल्विं लेवि २०४१

= वि.सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ८३ संख्याको अङ्ग्रेजी खण्डका १३-२४ पृष्ठमा *नेपाल्* नाउँले छापिएको, सिल्विं लेविको *ल नेपाल्को* अङ्ग्रेजी उल्था ।

सिल्विं लेवि २०४१ क

= वि.सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ८४ संख्याको अङ्ग्रेजी खण्डका २७-२८ पृष्ठमा *नेपाल्* नाउँले छापिएको, सिल्विं लेविको *ल नेपाल्को* अङ्ग्रेजी उल्था ।

सिल्विं लेवि २०४२

= वि.सं. २०४२ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९० संख्याको अङ्ग्रेजी खण्डका १९-२६ पृष्ठमा *नेपाल्* नाउँले छापिएको, सिल्विं लेविको *ल नेपाल्को* अङ्ग्रेजी उल्था ।

सिल्विं लेवि २०४२-४३

= वि.सं. २०४२-४३ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल* ९२-९७ संख्याको अङ्ग्रेजी खण्डका १४-२९ पृष्ठमा *नेपाल्* नाउँले छापिएको, सिल्विं लेविको *ल नेपाल्को* अङ्ग्रेजी उल्था ।

सुनीतिकुमार चाटुर्ज्या २०३१

= ई.सं. १९७४ (वि.सं. २०३१) मा कलकत्ताबाट एसियाट्इक ससाइइटिद्वारा प्रकाशित, सुनीतिकुमार चाटुर्ज्याको *किरात-जन-कृति, द इन्डो-मङ्गलइड्ज् देर् कन्ट्रिब्युशन्ज् टु द हिस्टरि यान्ड् कल्चर् अफ् इन्डिअ* (किरातजन-कृति, मङ्गोलजातिका भारतीय– भारतको इतिहास र संस्कृतिमा तिनीहरूको अवदान) २ संस्करण ।

हाम्रो वक्तव्य २०६०

= वि.सं. २०६० मा प्रकाशित *पूर्णिमा* १०४ पूर्णाङ्कका ३-८ पृष्ठमा छापिएको *हाम्रो वक्तव्य– स्वर्गवासी नयराज पन्तको विषयमा* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[मूलपाठ]	[उल्था]
ॐॐ नमः पशुपतये ॥	श्रीपशुपतिनाथलाई नमस्कार ॥
स्तन्येन्दुवन्हित्रयलोचनाय नागेन्द्रकर्णोवृतकुण्डलाय ॥ वामाङ्ग गौरी सह संगताय श्रीकण्ठकण्ठाय नमः शिवाय	स्तनमण्डल भै चन्द्रमा भै आगो भै तिन् नेत्र भयेका कानमा नागको कुण्ड पैऱ्हेका बाजातिर आङ्मा पार्वतिसहित भै विराजमान भयेका श्रीकण्ठ छ घाटि जस्का यस्ता शिवजिलाई नमस्कार[1]
दिवंगताया प्रतिमां जनन्या जाम्बुनदाभाकृतिनिर्म्मितांगा ॥ स पुण्यपुण्येन स कृत्रिमेण ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥	स्वर्गवास भयेका आमाकी जांम्बुनद सुन् जस्तो तेज भयाको शरिर जस्का[2] येस्ता मूर्त्ति प्रतिमा बनायाका तस् पुण्यले ब्रह्मत्व मोक्षत्व शिवत्व होस्
सौवर्ण[3]प्रतिबिम्बकान्तिगवरी संसारदेव्याकृतिं तत्संस्थाप्य कृतामिमां पशुपतेः प्रादगर्भालये ॥ यावद्वाशुकिनागक्षत्र कथितं स्तावङ्गता वाग्मती शम्भूमाशदृशी यथा भ्वतु मां शैवे तथा लीयतां	सुनको प्रतिबिम्ब भै सुन्दर तेज भयाकी चुल्ठी भयाकी आमा संसारदेवीको प्रतिमा बनायेर पशुपतिका देवल्भित्र स्थापना गरे जाहासंम वाशुकि नागक्षत्र कहिंछ ताहासंम गयाकी वाग्मती भंछ जस्तै महादेव पार्वती बरावर भयाकि हुंछ तस्तै महादेवमा म लीन हुन्
नेपालभूखण्ड पवित्रयन्तौ श्रीयक्षमल्लौ सह जीवमल्लौ ॥ मातुः समुद्देशकृतार्थहेतो सुच्छ्रद्धयो स्वर्गपुरं नयन्तु ॥ पक्षत्रये ब्राह्मणसत्समीपे संकल्पयन्त बहुधा प्रधानां ॥ मातुः समुद्देशित तत्प्रदाना- द्ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥	नेपालक्षेत्र पवित्र गरियेका श्रीयक्ष मल्ल जीव मल्लले सहित भई आमाको उपदेश सिद्ध गर्नानिमित्त र आमा सुद्ध भयेका स्वर्गवा गर्नानिमित्त ४५ दिन्मा सत्ब्राह्मणका समिपमा मुख्य कुरो संकल्प गर्ने भयाका आमाको उपदेश गरेर त्यो दान दिनाले आमा ब्रह्मत्व मोक्षत्व शिवत्व होस्
दानेन पुण्येन अनेन भूयात् समृद्धिमारोग्य सपुपौत्रं ॥ युगान्तकल्पान्तगतावधिस्के श्रीराज्यलक्ष्मी भवतु ह्यखण्डम् ॥	यो दान गरेका पुण्यले छोरानातिहरुको आरोग्यता भै ऐश्वर्य्य प्राप्त होस् युगान्तकालसम्म र कल्पान्तकालसम्म जहासम्म अवधि छ अखण्ड भयाको श्रीराज्यलक्ष्मी होस्

---

१. सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरमा नमस्का भएकोमा अर्को प्रतिमा नमस्कार छ ।
२. सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरमा जसस्का भएकोमा अर्को प्रतिमा जसका छ । सिद्धिहर्ष वज्राचार्यले जस्का लेख्न खोजेकोमा भ्रमवश जसस्का लेख्न पुगेको देखिन्छ ।
३. सिद्धिहर्ष वज्राचार्यको हस्ताक्षरमा सौवर्णा° भएकोमा अर्को प्रतिमा सौवर्ण° छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नादे स्कन्दमुखे ह्यनंगविशिखे नेपालसम्बत्सरे
मासादौ शितसप्तमी वरुणभे योगेशनौ गीस्पतौ ॥
हाहाकार कृतं जनस्य निखिलं संत्यक्त लक्ष्म्यापदां।
तत्कैलाशपुरं जगाम दिवसे संसारदेवीति सा

नेपाली सम्बत् ५६७ साल मार्गशिलशुक्लसप्तमी शतभिषानक्षत्र शनिश्चर र बृहस्पति एकै राशमा बसेको योगमा तेस् दिन सबै मानिस्हरु हाहाकार गराई लक्ष्मिले छादेको भै ति संसारदेवि कैलाशपूरमा जाडा भईन्

संसारदेवी ठकुरिणीस प्रतिमा गोरीसके दिनप्रति अखण्ड याङन जोगारपे भोजा वेक वुन्हछिन थुया जा अमस छता क्ये स्वता चि चेकन थ्वतेन त्यवत्या के हाने थ्व भोजा गौरीसके न्हव ताव संसारदेवी ठकुरिणीसतं न्हिथङ् दुखि देशान्तरि सुद्धा पोव बिये यिनकोया मेसधरि पाटछि १ फलवेक वुन्हछि १ थ्व निसराव गौरीसके न्हव ताव संसारदेवी ठकुरिणीसत न्हिथङाव हयि लावड पालन बिये यिनकोयातं मेत चिकन अष्टाछि १ गौरीसवेन्वो पशुपतिसवेन्वो संसारदेवी ठकुरीणीसतं न्हिठङाव न्हिथावुं मेता बियाव छोयेके ठिसला पुनिशि कोन्हु ईह्मढे त्यवछि केन द्वाको छोङाव येने प्वस पुनिशि कोन्हु म्वाटमढे त्यवछि केन द्वांको छोङाव येने दिनक्षयसंक्रांति कोन्हु हामलजा घेल साषर थ्वतेनं फछि केनं द्वाको येने चितला पुनिशि कोन्हु चाकुमधि त्यवछि केन द्वाको येने पसादचवदश कोन्हु डोनयेला चतामढे त्यवछि केनं द्वाको छोङाव येने चगुणिला विश्वसंक्राति कोन्हु चतावमधि त्यवछि केन द्वाको छोङाव येने कन्हबन्ह सिठि कोन्हु कन्हबन्हमढे त्यवछि केनं द्वाक छोङाव येने गुणिला पुनिशि कोन्हु प्वरपमंढे ढुलिढलाक्यें त्यवछि केन द्वाको येने मोहनी नवमि कोन्हु छोसलावो फलकेवन फंछि केनं द्वाको येने सुखरात्रि कोन्हु धरि ख्ये कस्ति धाज्य साखर माठ लड्डुवा थ्वतेनं ने फा केनं द्वाको येने जुधान पुनिशि कोन्हु सकेमाङा दुदु दाया फछि केनं द्वाको येने भोजा

संसारदेवी थकुरीणिमा प्रतिमा मूर्त्ति गौरीलाई प्रतिदिन अखण्ड गरि जोरदाम गर्ने भुजा पकाउने चावल कुरुवा १ पकायेको भात् अमस भंने एक र तिउन् तिन् थोक तेल नुन् एति सान्हे दुई कुरुवा चावलले गर्नु त्यो भुजा गौरीलाई देषाई चन्हायेर संसारदेवी ठकुरिणीका नाउले दुःखिदेशांतरिहरुलाई दिनु त्योपछि भंसिका दुदको दहि कटरा एक १ खत्या अथवा स्याबजि कुरुवा एक १ सिन्हा गौरीलाई देखायेर चढाई संसारदेवी थकुरिणिका नाउले हयि लाबद भन्नेलाई सिन्हा दिनु त्योपछि बति बालनुके तेल् सवा मुठि गौरिलाई र पशुपतिलाई संसारदेवीको नाउले बति दियेर दिन्कोदिन् बालनु मार्गशीरपूर्णेका दिनमा ईदुमधि भंने रोति द्विई कुरुवा चावलले जति भयेको पकाई लानु पौषका पूर्णेका दिनमा म्वात्तमधि भंन्ने रोति द्विई कुरुवा चावल्को जति भयेको पकाई लानु मक्रसंक्रांतिका दिन तिल्भात र घ्यउ सखर पाठि एक चावल्ले भयेको जति लानु फाल्गुणका पूर्णेका दिन चाकुमढे भंने रोति द्विई कुरुवा चावलले भयेको जत्ति लानु पिशाचचतुर्दशिका दिन दोनयेला भंने मासु र चतामढे भंने रोति कुरुवा द्विईका चावलले जति भयेका पकायेर लानु चैत्र मैन्हा विश्वसंक्रांतिका दिनमा चतामधे भंने रोति द्विई कुरुवा चावल्ले भयेको जति पकायेर लानु जेठशुक्लषष्टिका दिनमा करबन्हमढे भंने रोति दुई कुरुवा चावल्ले जत्ति भयेका पकायेर लानु श्रावणका पूर्णेमाका दिन प्वरपमंढे भंने रोति र ढुलिढलाक्ये भंने तेस् दिनको क्वातिका सार्दाम् द्विई कुरुवा चावलले जति भयाको लानु थुला दशाईका नवमिमा छोसला भंने मासु र खत्या अथवा स्याबजि पाठि एकको चावलले भयेको जत्ति लानु कार्त्तिक्बदि औसिका दिन दहि फुल मह घ्यौ सखर अैंटा लड्डु एति द्विई पाठि चावल्ले भयेको जति लानु जुगादिपूर्णे अर्थात् कार्त्तिक्शुक्लपूर्णिमाका दिनमा उसेको पिनालु र दुद् अलैचि एक पाठि चामलले भयेको जति लानु भुजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

